स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



दीपकराज गिरी र दीपाश्री निरौलाको समूहमा आबद्ध भएपछि कलाकार केदार घिमिरे (माग्ने बुढा)लाई बाहिरी फिल्ममा काम गर्न अनुमति थिएन । तर, टिम साघुरिँदै गएपछि दीपक-दीपाले केदारलाई स्वतन्त्र हिसाबले काम गर्न छाडिदिएका छन् । अर्थात् उनलाई अब अरु फिल्म गर्न रोकतोक छैन । यसैले केदारले पनि लगातार बाहिरी फिल्म सम्झौता गरिरहेका छन् । गत वर्ष उनी फिल्म "कङ्गारु"मा भित्रिएका थिए ।

आजको विचार...



यसरी...

(दुई पेजमा)

प्रा.डा. शान्तिकृष्ण अधिकारी



यही कात्तिक ३० गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म "ह्रस्व दीर्घ"मा नेपाली र दक्षिण भारतीय कलाकारहरुको "पल्टन" नै उतारिएको छ । पहिलोपटक नेपाली फिल्ममा दुई देशका कलाकारको यो किसिमको गठजोड भएको हो । यसले फिल्मलाई "हाइप" दिलाउन ठूलो मद्दत मिलेको छ । "स्टारकास्ट"कै कारण फिल्मले सफलता हासिल गर्न सक्ने विश्लेषण भइरहेको छ । बुधबार ट्रेलर सार्वजनिक भएपछि फिल्मप्रति दर्शकमा उत्साह चुलिएको छ ।

❐ वर्ष ३० ❐ अंक १०६ ❐ २०८१ कार्तिक २४ गते शनिबार 9 November 2024, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# नेतृत्वलाई युवाको प्रश्न : खै विदेश जानबाट युवालाई रोक्ने योजना ?

**रामचन्द्र रायमाझी**

**पाल्पा,** कार्तिक २३/पाल्पाका युवाहरुले स्थानीय तहहरुका प्रमुखसँग विदेश जानबाट युवालाई रोक्ने योजना के छ भनेर प्रश्न गरेका छन् । शुक्रबार पाल्पा जेसिजले तानसेनमा आयोजना गरेको स्थानीय तह र युवाबिच 'युवाको प्रश्न नेतृत्वसँग' विषयक खुला बहस कार्यक्रममा सहभागी युवाहरुले विदेश जानबाट रोक्ने योजनाका बारेमा नेतृत्वसँग प्रश्न गरेका हुन् ।

स्थानीय तहका नेतृत्वले युवाहरुको क्षेत्रमा थुप्रै कामहरु गरेको दावी गरे पनि युवाहरुले भने गाउँमा रोजगारका अवसरहरु नभएर आफुहरु विदेशीन बाध्य हुनु परेको बताए । उनीहरुले भने 'तपाईहरुले निर्वाचनका बेला युवाहरुलाई स्वरोजगार बनाउँछौं, विदेश जानबाट रोक्छौं भन्ने तर निर्वाचित भएर यतिका वर्ष हुँदा समेत खै विदेश जानबाट युवालाई रोक्ने योजना ल्याएको ?' । कार्यक्रममा बगनासकाली गाउँपालिका-८ का बरुण बस्यालले स्थानीय तहमा विदेश जानबाट युवाहरु रोक्न कुनै पनि योजना नभएको बताएका छन् । गाउँपालिकाले बेरोजगार र विदेशबाट फर्किएका युवाहरुलाई गाउँकै विकासमा समर्पित गर्ने र युवाहरुलाई स्वरोजगार बनाउन विभिन्न तालिमहरु दिने नीति ल्याए पनि त्यो कार्यान्वयन हुन नसकेको उल्लेख गरे । बस्यालले भने 'पालिकाले आर्थिक वर्ष २०८१/०८२ मा ७४ जनालाई रोजगारी दिएको, २० जनालाई उद्यमी बनाएको देखिन्छ । त्यही डाटा हेर्दा आर्थिक वर्ष २०८०/०८१ मा ८५ र २०८१/०८२ मा २५ जनाले श्रम स्वीकृत लिएको अवस्था देखिन्छ ।

यसले के स्पष्ट हुन्छ भने रोजगारी दिने भन्दा पनि विदेश पठाउनेतर्फ स्थानीय सरकार लागेको देखिन्छ । ' उनले युवाहरुलाई रोजगार दिने सपना नबाँड्न पनि आग्रह गरे । बस्यालले भने' के विदेश जाने योजना बनाउनुहोस् हैन भने झोला बोकेर विदेश जाऊ भनेर लिखित रुपमा देऊ ।' अर्का युवा सुशिल बस्यालले लाचर प्रवृत्तिले देश नबन्ने भन्दै नेतृत्वलाई सच्चिन आग्रह गरे । अर्का युवा यमबहादुर कुमालले युवाहरुलाई अनुदान हैन लगानी गर्ने वातावरण सिर्जना गरिदिए युवाहरु विदेश जान नपर्ने उल्लेख गरे । रम्भा गाउँपालिकाका अर्का युवा विवेक न्यौपानेले गाउँमा रोजगार नभएपछि आफु छिट्टै विदेश जाने तयारीमा रहेको बताए । कार्यक्रममा विद्यार्थीहरु अविता अर्याल, ओजस्वी आचार्य, रिया बस्याल, मिना कार्की, इतिहासकार निर्मल श्रेष्ठ, सूर्यबहादुर बोहोरा, विद्यार्थी अञ्जली पाठक, विशाल न्यौपाने, दीपक खड्का, लक्ष्मण बस्याल,तुलजा नेपाल, सौरव नेपाल, विकेक बस्नेत लगायतले नेतृत्वलाई प्रश्न गरेका थिए । कार्यक्रममा तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठ, रैनादेवी छहरा गाउँपालिकाका अध्यक्ष रुक्मागत भट्टराई, रिब्दीकोट गाउँपालिकाका अध्यक्ष नारायण कार्की, तिनाउ गाउँपालिकाका अध्यक्ष प्रेम श्रेष्ठ, बगनासकाली गाउँपालिकाकी अध्यक्ष सरस्वती चिदी लगायतले युवाहरुले राखेका प्रश्न र जिज्ञासाका बारेमा जवाफ दिएका थिए । उनीहरुले युवाहरुको क्षेत्रमा कार्यक्रम गर्दै आएको बताएका छन् । स्थानीय तहमा युवा लक्षित कार्यक्रमहरु गरे पनि युवाहरुको सहभागीता अत्यन्त न्यून रहेको उनीहरुको भनाई छ । पालिका प्रमुखहरुले बजेट अभावका कारण पर्याप्त कार्यक्रमहरु गर्न नसकिएको गुनासो समेत गरे । उपस्थित युवाहरुले शिक्षा, स्वास्थ्य, कृषि र रोजगारका विषयमा नेतृत्वलाई प्रश्न गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि लुम्बिनी प्रदेशका सभामुख बसन्त घर्तीले जेसिजले आयोजना गरेको बहस कार्यक्रम अत्यन्त प्रसंशनीय रहेको बताए । उनले आगामी दिनमा समेत यस्ता कार्यक्रम गर्न जेसिजलाई आग्रह गरे ।



बहस कार्यक्रमले स्थानीय तहका जनप्रतिनिधिलाई थप जिम्मेवारी र जवाफदेही बनाउ महत्वपूर्ण भूमिका खेल्ने समेत उनले विश्वास व्यक्त गरे । जेसिजका जिल्ला अध्यक्ष जेसी अर्जुन कार्कीले स्थानीय सरकारसँग सवाल, नीति निर्माणका लागि आधार तयार गर्ने उद्देश्यले जिल्लामै पहिलो पटक खुला बहस कार्यक्रम गरिएको बताए । उनले भने 'स्थानीय तह र युवाबिच विकासका गतिविधिका बारेमा प्रत्यक्ष साक्षात्कार गराउन, युवा र जनप्रतिनिधिबिच दुरी कम गराउन जनप्रतिधिहरुलाई युवा लक्षित कार्यक्रम तर्जुमा र कार्यान्वयनमा दवाब सिर्जना गराई युवामैत्री कार्यक्रम सञ्चालनको वातावरण निर्माण गराउन बहस सञ्चालन गरेका हौं ।' अध्यक्ष कार्कीको अध्यक्षता, कार्यकारी उपाध्यक्ष जेसी गणेश पन्थीको जेसिज आस्थावाचन, उपाध्यक्ष जेसी कला दाहालको सञ्चालन र सञ्चारकर्मी श्री पाण्डेको सहजीकरणमा कार्यक्रम भएको थियो ।

## संक्षिप्त समाचार

### बस एकापसमा ठोक्किँदा पाँचको मृत्यु



**चितवन,** कार्तिक २३/नारायणगढ-मुग्लिन सडकखण्डको सत्र किलोमा शुक्रबार बिहान भएको दुर्घटनामा पाँच जनाको मृत्यु भएको छ भने पाँच जना घाइते भएका छन् । घाइतेमध्ये एक जनाको अवस्था गम्भीर छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रवक्ता भेषराज रिजालका अनुसार मुग्लिनबाट नारायणगढतर्फ आइरहेको माइक्रोबस र नारायणगढबाट मुग्लिनतर्फ गइरहेको बस एकापसमा ठोक्किँदा माइक्रोमा सवार गोरखा आरुघाट गाउँपालिका-१ का ४२ वर्षीय राजबहादुर गुरुङ, माइक्रोबसका चालक, परिचय नखुलेका ४० वर्षीया महिला, ३२ वर्षीय र ३५ वर्षीय पुरुषको मृत्यु भएको हो । दुर्घटनामा अन्य पाँच जना घाइते भएका छन् । घाइतेमध्ये दुई जनाको भरतपुर अस्पताल र तीन जनाको चितवन शिक्षण अस्पतालमा उपचार भइरहेको छ । *-रासस*

## आज विश्व स्वतन्त्रता दिवस




**पाल्पा,** कार्तिक २३/आज विश्व स्वतन्त्र दिवस नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदै छ । हरेक वर्षको नोभेम्बर ९ तारिखका दिन यो दिवस मनाउने गरिएको हो ।

संयुक्त राज्य अमेरिकामा विश्व स्वतन्त्रता दिवस मनाइने गर्दछ । अमेरिकाका पूर्व राष्ट्रपती जर्ज डब्ल्यु बुशले जर्मनीको वर्लिनमा रहेको पूर्वी र पश्चिमी वर्लिनलाई विभाजन गर्ने पर्खाललाई फुटाएको र मध्य र पूर्वी युरोपमा कम्युनिस्ट शासनको औपचारिक अन्त्य भएको उपलक्ष्यमा सोही दिन अर्थात् नोभेम्बर ९ तारिखका दिन विश्व स्वतन्त्रता दिवसको घोषणा गरेका हुन् । सन् २००१ मा जर्ज डब्ल्यु वुशले विश्व स्वतन्त्रता दिवसको घोषणा गरेका थिए । विश्वमा पूजिँवादको अत्यन्त जोडदार प्रवर्तक राष्ट्र अमेरिकामा आजको दिन युवा विद्यार्थीहरू अनि रिपब्लिकन पार्टीका युवाहरूले विभिन्न कार्यक्रमको आयोजना गरेर स्वतन्त्रता दिवस मनाउने गर्दछन् । विश्वमा शित यूद्धको अन्त्य गर्दै सोभियत युनियनलाई धराशायी पार्न ठुलो भूमिका निर्वाह गर्ने अमेरिकी पूर्व राष्ट्रप्रमुख रोनाल्ड रेगनको पनि आजको दिन अमेरिकामा चर्चा हुने गर्दछ ।

## पर्यटकीय गन्तव्यस्थल बन्दै गुल्मीको रेसुङ्गा

**गुल्मी,** कार्तिक २३/गुल्मीको क्षेत्र रेसुङ्गा क्षेत्र पछिल्लो समय पर्यटकीय गन्तव्यस्थल बन्दै गएको छ । रेसुङ्गा क्षेत्रमा आकर्षक मठ मन्दिर, सुविधा सम्पन्न होटल, पार्क, वनभोजस्थल, पक्की सडक र त्यहाँको प्राकृतिक सौन्र्दताका कारण पर्यटकको आकर्षण बढ्दै गएको हो । जिल्लामा आउने जोकोही पनि एक पटक रेसुङ्गामा नपुगी फर्कदैनन् । धार्मिक एवं पर्यटकीय दृष्टीकोणले पनि रेसुङ्गा आफैमा एउटा अद्भूत ऐतिहासिक एवं प्राकतिक क्षेत्र पनि हो । केही समय अघिसम्म सडक र यातायातको सहज पहुँच नहुँदा यस क्षेत्र प्रचारप्रसारको अभावमा ओझेलमा परेको थियो ।

यस क्षेत्रमा पछिल्लो समय चारैतिरबाट सडकको सहज पहुँच पुगेको छ । जङ्गलकोमध्य भागहुँदै कालोपत्र सडकबाट यात्रा गर्दा यहाँ घुम्न आउनेहरु निकै रमाइलो आनन्द मान्ने गर्दछन् । पछिल्लो समयमा यहाँ आन्तरिक पर्यटनसँगै बाह्य पर्यटकको पनि मुख्य रोजाइको क्षेत्र बनेको छ । फ्रान्स, जर्मन, जापान, कोरिया, अमेरिका, बेलायत जस्ता देशबाट यहाँ घुम्नका लागि आउने गरेको रेसुङ्गा संरक्षण समितिका अध्यक्ष शुरेसचन्द्र भुसालले बताए । रेसुङ्गा क्षेत्रको यज्ञशाला नजिकै रहेको 'भ्यूटावर'बाट माछापुर्च्छे, धौलागिरि जस्ता सुन्दर हिमालको दृश्यले पर्यटकको मन लोभ्याइ दिन्छ । गत वर्षदेखि गुल्मीको सदरमुकाम तम्घास नजिकै सिमिचौरबाट हवाई सेवा सञ्चालनमा आएपछि जिल्लामा पर्यटन प्रवर्द्धनका लागि थप टेवा पुगेको रेसुङ्गा नगरपालिकाकी उपप्रमुख अमृतादेवी कुँवरले बताइन् । गुल्मीमा आउने पर्यटकलाई नगरपालिकाले स्वागत गर्ने र उनीहरुलाई यस क्षेत्रमा रहेका पर्यटकीयस्थल घुम्नका लागि प्रेरित गर्ने कामको थालनी गरेको छ । नगरपालिकाले गत वर्षदेखि सञ्चालन गरेको 'जाउँ हिंड रेसुङ्गा' अभियानले पनि जिल्लाको पर्यटन प्रवर्द्धनमा थप मद्दत पुगेको उपप्रमुख कुँवरले बताइन् । हालै नेपाल भ्रमणको क्रममा नेपाल एरलायन्सको टुइनेटर जहाजमार्फत गुल्मीको रेसुङ्गा विमानस्थल आइपुगेका फ्रान्सेली पर्यटक यहाँको प्राकृतिक सौन्दर्यता देखेर आफुरुलाई भिन्नै रमाइलो अनुभव भएको सुनाए । उनीहरुलाई नगरपालिकाले रेसुङ्गा क्षेत्रको भ्रमण गराएको थियो । रेसुङ्गा क्षेत्रको भ्रमणपछि उनीहरुले अन्य साथीहरुलाई पनि यहाँ घुम्न आउनका लागि निम्तो दिने बताए । भ्रमणमा आएका फ्रान्सेली नागरिक आबेल र कृस्तिनले आफुहरुलाई गुल्मी जिल्ला निकै सुन्दर लागेको बताएका थिए । उनीहरुले यहाँका डाँडापाखा र वनजङ्गल सहितको प्राकृतिक सौन्दर्यता र संस्कारलाई यसैगरि बचाइ राख्न नगरपालिकालाई आग्रह गरेका थिए ।



*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## अनुसन्धान गर्न देऊ

सहकारी ठगी आरोपमा पक्राउ परेका पूर्वगृहमन्त्री तथा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको अनुसन्धान भइरहेको छ । तर उनका समर्थ र कार्यकर्ताहरु भने न्यायलयलाई नै प्रभावित पार्ने गरी निरन्तर आन्दोलनमा उत्रिएका छन् ।

न्याय भिडले होइन, अदालतले दिन्छ । तर भिड जम्मा गर्दैमा न्याय मिल्दैन भन्ने कुरा लामिछानेका कार्यकर्ताले बुझ्न नसक्नु दुखद् हो । सहकारी पीडितहरूको पूरक जाहेरीका आधारमा पक्राउ परेका उनलाई अनुसन्धान गर्नु प्रहरीको कर्तव्य हो । अनुसन्धान सकिएपछि अदालतमा मुद्दा चल्नु स्वाभाविक प्रक्रिया हो । रवि दोषी हुन् वा निर्दोष ? यसको निरूपण अदालतले गर्छ । त्यसैले प्रहरीलाई निष्पक्ष अनुसन्धान गर्न र अदालतलाई मुद्दा प्रक्रियामा सघाउनु वादी र प्रतिवादी दुवैको कर्तव्य हो । रविका समर्थकहरू भने अनुसन्धान र अदालती प्रक्रियामा सघाउनुको सट्टा भिडबाट न्याय प्रभावित पार्न उद्यत हुनुलाई राम्रो मान्न सकिदैन । लामिछानेलाई अनुसन्धानका लागि पोखरा पुऱ्याएदेखि नै रास्वपाका कार्यकर्ताले निरन्तर प्रदर्शन गर्दै आएका छन् । यो कदमले जान्नेलाई छान्ने र पुराना मान्छे र पुरानो तरिकाले हुँदैन भनेर रातदिन फलाक्नेहरू उही पुरानै दलको मार्गमा हिडेको प्रष्ट हुन्छ । अदालतको आदेशबाट भएका कामकुरालाई सरकारको प्रतिशोध भनेर सडकमा उत्रिनु किमार्थ राम्रो होइन । यस्ता गतिविधि रास्वपा वा अन्य राजनीतिक दलहरुले पनि गर्नु हुँदैन । गल्ती गरेको जोकोही होस्, त्यो बच्नुहुँदैन, बचाउनुहुँदैन भन्ने आफ्नै सभापतिको भनाइविरुद्ध उनको दल यो अनुसन्धानलाई पूर्वाग्रह भनेर नयाँ भाष्य खडा गरी निरन्तर गरिएको आन्दोलन कुनै पनि हालतमा जायज छैन । बरु रास्वपाले आफ्नो सभापतिको लागि न्यायलयलाई अनुसन्धानमा सघाउनुपथ्र्यो । त्यसो नगरी भिड जम्मा गरेर आन्दोलन गर्नु न्यायलयलाई नै प्रभावित पार्न खोज्नु हो । यस्तो आन्दोलनले यो दल देशको प्रचलित काननुभन्दा आफूलाई धेरैमाथि राख्न खोजेजस्तो देखाएको छ । यद्यपी कानुन भन्दा माथि कोही पनि छैन । यो कुरालाई बुझेर रास्वपाले निर्वाध रुपमा अनुसन्धान गर्न दिनु नै उत्तम हुन्छ ।

### Opinion @ Social Network

बाँच्नलाई साहस अनि हाँस्न लाई खुसी चाहिन्छ,
सबैको आँखाको नानी बन्न त कहाँ सकिन्छ र यहाँ ।
*(सुन्दर गैरेको फेसबुक स्टाटस https://www.facebook.com/gaire.sundar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# यसरी सुध्रिएला उच्चशिक्षा ?



प्रा.डा. शान्तिकृष्ण अधिकारी

विश्वविद्यालय र उच्चशिक्षाको प्रत्यक्ष, अन्योन्याश्रित र गाढा सम्बन्ध हुन्छ । सरल भाषामा भन्दा उच्चशिक्षा भनेकै विश्वविद्यालय शिक्षा हो । विश्वविद्यालयहरू सुधिए भने मुलुकको उच्चशिक्षा आफैं सुधिन्छ, विश्वविद्यालयहरूले अधोगति अँगाले उच्चशिक्षा डाँवाडोल हुन जान्छ । विश्वविद्यालयलाई स्वायत्त, प्राज्ञिक र दलीय हस्तक्षेपमुक्त संस्था बनाउन सके उच्चशिक्षा अग्रगमनतर्फ लम्कन्छ भने दलीय हस्तक्षेप बढ्दै गए उच्चशिक्षा प्रदानार्थ स्थापित संस्थाहरू उठ्नै नसक्ने गरी थला पर्दछन् । विश्वविद्यालयलाई सबल तुल्याउन सरकार, समाज र विश्वविद्यालय प्रशासन सबैको उत्तिकै गहन भूमिका आवश्यक छ ।

मुलुकका चारवटा विश्वविद्यालय अहिले नेतृत्वविहीन छन् । असल नेतृत्व विना विश्वविद्यालयको पठनपाठन र प्रशासन चुस्त दुरुस्त हुन्छ भन्ने कल्पना गर्न सकिँदैन । विश्वविद्यालयहरू नेतृत्वविहीन भएको हिजो या आज होइन, महिना बितिसकेको छ । अझै कहिले नेतृत्व चयन गरेर सरकारले पठाउने हो त्यो पनि एकिन छैन । उच्चशिक्षा प्रदायक संस्थाहरूलाई यसरी लामो समयसम्म अन्योलमा राखेर देशको उच्चशिक्षा गुणस्तरीय र प्रतिस्पर्धी हुने सपना देख्नु नै हाम्रा विडम्बना हो । सरकार किन यसरी सुत्छ ? सरकारले गठन गरेका उपकुलपति सिफारिश समितिहरू किन निद्रामा छन् ? कसैले बुझ्न सकेको छैन । यहीबीच यही मंगलबार बल्ल कृषि तथा वन विश्वविद्यालयको सिफारिश समितिले आवेदन आफवान गरेको छ र यसैलाई हेरेर अरूहरूले पनि प्रक्रिया आजभोलिमा अगाडि बढाउलान् भन्ने आँकलन गरिएको छ । कहिल्यै अवनतिको बाटो समात्न नहुने तर प्रगित उन्मुख हुन नसकी विसं २०४७ पछि निरन्तर ओरालो लाग्दै आएको क्षेत्र भनेको शिक्षाक्षेत्र नै हो । त्यसमाथि सरकारले उच्चशिक्षामा त रत्तिभर दृष्टि पुऱ्याउने गरेकै छैनभन्दा पनि हुन्छ । विसं २०४८ मा गठित सरकारले भने देशको उच्चशिक्षामा व्यापक सुधार गर्नुपर्ने अनुभूति गर्दै क्षमतावान्हरूका हातमा त्रिभुवन विश्वविद्यालय सुम्पिएको थियो । विसं २०४७ मा पनि पञ्चायतकालीन पदाधिकारीहरू हटेपछि उच्चशिक्षा क्षेत्रकै वरिष्ठ र इमानदार व्यक्तिहरूको जिम्मामा त्रिभुवन विश्वविद्यालय दिइएको थियो । त्यतिबेला त्रिविमा व्यापक सुधार भएको अनुभव सबैले गरेकै हो । विसं २०४७ अघिसम्म त्रिवि र नेपाल संस्कृत विश्वविद्यालयका जिम्मामा मात्र उच्चशिक्षा थियो भने बहुदल आएपछि थुप्रै विश्वविद्यालयहरू खुलेका छन् र जिम्मेवारी पनि बाँडिएको छ । यद्यपि हालत भने उस्तै नै छ । नेपालको उच्चशिक्षा कहिले हचुवामा ल्याइएका नीतिबाट आक्रान्त हुँदै आएको छ । कहिले नेता र नेताका पछुवाहरूको स्वार्थपूर्ति गर्ने थलो बनाइँदा शिक्षाक्षेत्रले अपेक्षित गति लिन सकेको छैन । उच्चशिक्षा क्षेत्रलाई राजनीतिक दलहरूको लुछाचुँडीको क्षेत्र बनाइने गरेकाले विश्वविद्यालयहरूले चाहेजस्तो सन्देश प्रवाह गर्न सकेका छैनन् । सक्षम, गतिशील र वरिष्ठहरूलाई पाखा पार्दै कमजोर एवं क्षमताहीनहरूका हातमा विश्वविद्यालयहरू सुम्पने गरेकाले एक दुई विश्वविद्यालय मात्रै नभई समग्र उच्चशिक्षामा नै आघात पर्दै आएको छ । यसलाई महसुस गर्दै प्रतिस्पर्धाका आधारमा विश्वविद्यालयका पदाधिकारीहरू नियुक्ति गर्ने भन्दै गएको वर्ष हल्ला मच्चाए पनि त्यस प्रतिस्पर्धामा आमनागरिकले विश्वास गर्न सकेका छैनन् । गत वर्ष त्रिविमा पदाधिकारी नियुक्ति गर्दा क्षमतावान्लाई प्रश्रय दिने भन्दै प्रतिस्पर्धाको नाटक मञ्चन गरियो । पूर्वाञ्चल, मध्यपश्चिम र सुदूरपश्चिम विश्वविद्यालयहरूमा पनि प्रतिस्पर्धाकै नीति लिइयो । यी मध्ये कुनैमा नियुक्त उपकुलपतिलाई समाजले योग्य ठहऱ्याएको छ भने कुनैमा उही पुरानै शैलीलाई नयाँ स्वरूप दिइएको ठानियो । त्यसपछि त्रिविमा शिक्षाध्यक्ष र रजिष्ट्रार नियुक्ति गर्दा उही भागबण्डालाई नै आधार बनाएपछि भने उच्चशिक्षामा सुधार आउला भन्ने सोचेकाहरूको विश्वास गर्ल्यामगुर्लुम्म ढल्न पुगेको छ । यी त भए पुराना कुरा । विश्वविद्यालयहरूमा पदाधिकारीहरू रिक्त भएका अरू थुप्रै विश्वविद्यालय थपिएका छन् तर सरकार पूर्णत: बेखबर जस्तै छ । नेपाल संस्कृत विश्वविद्यालयमा सेवा आयोगको अध्यक्ष वैशाख महिनादेखि रिक्त छ । त्यसको एक महिनापछि सेवा आयोगको सदस्य खाली भएको छ । भदौ महिनाको आरम्भमै उपकुलपतिले राजिनामा दिए । अहिले रजिष्ट्रार पद पनि रिक्त भइसकेको छ । असोज महिनाको मध्यदेखि नै पोखरा विश्वविद्यालय र कृषि तथा वन विश्वविद्यालयमा उपकुलपति पद रिक्त भएका छन् तर पनि सरकार आजसम्म सुतेर बसेको छ । सुतेर बसेको हो कि भागबण्डा नमिलेको हो सरकारले नै जान्ने कुरा हो तर विश्वविद्यालयले नेतृत्व नपाउनुले सरकारको उच्चशिक्षा प्रतिको उपेक्षालाई भने राम्रैसँग देखाएको छ । विश्वविद्यालय सुनन् भने नेपालको उच्चशिक्षामा सुधार आउने सम्भावना नै रहँदैन । विश्वविद्यालय हाँक्ने नेतृत्वविना विश्वविद्यालय गतिशील हुने अपेक्षा कुनै हालतमा गर्न सकिँदैन । उपकुलपति पद त्यस्तो हो विश्वविद्यालयहरूमा उसको उपस्थितिविना कुनै पनि निर्णय हुनै सक्दैन । विश्वविद्यालयहरूका ऐनहरूले नै उपकुलपतिलाई विश्वविद्यालयको सोलोडोलो जिम्मेवार पदाधिकारी बनाएका छन् । यस्तो अवस्थामा उच्चशिक्षाको जिम्मा लिएका विश्वविद्यालयहरूलाई महिनौँसम्म पदाधिकारीविहीन बनाउने सरकारको यो कदमलाई लज्जाजनक नभने के भन्ने ?

वर्तमान सरकार उपकुलपति चयनको प्रक्रिया निर्धारण गर्नमा नै अन्योलमा भएजस्तो देखिएको छ । अघिल्लो सरकारले व्यवस्था गरेको प्रतिस्पर्धाको प्रणालीलाई तिरष्कार गर्न पनि नसकेको र पुरानै पद्धतिबाट पदाधिकारी चयन गर्न हिम्मत गर्न पनि नसके जस्तो देखिएको छ । यद्यपि कृषि तथा वन विश्वविद्यालयका लागि आवेदन आफवान गरिएपछि यस सरकारले पनि खुला प्रतियोगितालाई नै मान्यता दिने भएको देखिन्छ । करिब दुई तिहाइ बहुमत बोकेको सरकार विश्वविद्यालयको पदाधिकारी चयनमै महिनौं रुमल्लिन पुग्दा संविधान संशोधन लगायतका जनतामा आशा र विश्वास जगाउने प्रतिबद्धताका साथ गठन भएको भनिएको सरकारमाथि जनताले कसरी भरोसा गर्लान् भन्ने पनि सोच्न सक्नुपर्दछ । विगतमा प्रतिस्पर्धाको आधार निर्माण गर्दा केही गलत मूल्यांकन पद्धति अवलम्बन गरिएको थियो । विश्वविद्यालयको पदाधिकारी हुनका लागि कुनै न कुनै प्रशासनिक अनुभव हासिल गरेको हुनुपर्ने व्यवस्था राखिएको थियो । विश्वविद्यालयमा उपप्राध्यापकका रूपमा प्रवेश दिइने भनेको पढाउनका लागि हो । निरन्तर कक्षामा गएको, विद्यार्थीलाई चित्तबुझ्दो गरी पढाएको, अधिकांश विद्यार्थीलाई उत्तीर्ण हुनेगरी पढाएको विषयलाई गौण ठानियो । यसबापत् कुनै अंक विभाजन गरिएन भने प्रशासनमा बसेकालाई भने अधिकाधिक अंक दिइयो । कृषि तथा वन विश्वविद्यालयको अंक विभाजन हेर्दा यसपटक पनि त्यही गलत प्रक्रियालाई अवलम्बन गर्ने देखिएको छ । यही व्यवस्थालाई निरन्तरता दिने हो भने उपकुलपति भएर सेवाबाट बाहिरिने लक्ष्य बोकेको प्राध्यापकले जसरीतसरी विभागाध्यक्ष, सहायक क्याम्पस प्रमुख, क्याम्पस प्रमुख, डाइरेक्टर, डिनलगायत पदहरू हत्याउन मरिहत्ते गर्नुपर्ने हुन्छ । पढाउन छाडेर यस्तै प्रशासनिक पदहरूमा बढीभन्दा बढी समय व्यतीत गर्नुमा नै व्यक्तिको उन्नति हुने देखिन्छ । सरकारले नै यस्तो व्यवस्था गर्ने हो भने प्राध्यापकले पढाएनन् भनेर प्रश्न उठाउन पनि नपाउने अवस्थाको सिर्जना हुन्छ । प्राध्यापकको कर्तव्य पढाउनु नै प्रमुख हो भन्नेतिर सरकार लाग्नुपर्नेमा अन्यत्रै उन्मुख भएको अनुभव गरिएको छ । प्राध्यापक भएपछि सबै प्राध्यापक नै हो । प्राध्यापक भएर सेवा गरेको वर्षलाई नम्बर दिइएको छ । नेपालका विश्वविद्यालयहरूले कम सिटमा प्राध्यापक पदको विज्ञापन खुलाउने गर्दछन् । पाँच छ वर्षमा एकपटक विज्ञापन खोल्दछन् । सेटिङमा प्राध्यापक भएकाहरू पनि छन् । आस्था र सम्बन्धका आधारमा विज्ञापन नखोल्दिएर पछि परेकाहरू पनि छन् । त्यसैले प्राध्यापक भएको वर्षका आधारमा वर्षैपिच्छे थप नम्बर दिँदा थुप्रै प्राध्यापकहरू अन्यायमा पर्ने पनि देखिन्छ । यसतर्फ कुनै सिफारिश समितिले ध्यान देला जस्तो देखिएको छैन । घरमा बसेर तयार गरेका सोचपत्रहरूलाई व्यापक अंक दिइएको छ । क्षमतै नभएकाहरूले थरिथरिका विद्वान्हरूको सहयोगमा तयार पारेका सोचपत्रलाई अंक दिइनुले व्यक्तिको क्षमतालाई प्रदर्शन गर्दैन । व्यक्तिकै क्षमता हेर्ने हो भने कुनै कोठमा एक घण्टा राखेर विश्वविद्यालय र उच्चशिक्षासम्बन्धी सोचका बारेमा लेख्न लगाउने हो भने बल्ल उसको क्षमता पुष्टि हुन्छ । उपकुलपति चयन समितिले एक घण्टा उच्चशिक्षाका बारेमा प्रतियोगीसँग छलफल गर्ने हो भनेमात्रै उसको योग्यता थाहा पाउन सकिन्छ । अपारदर्शी प्रक्रियाहरू र विधिहरू एवं अन्यको क्षमता उपयोग गर्दै बनाइएका योग्यताहरूमा अंक दिइँदा क्षमतावान् पछि पर्ने र क्षमता नभएकाहरू अघि बढ्ने सम्भावना ज्यूँका त्यूँ नै रहन्छ । वास्तवमा उपकुलपति जाँच लिएर लिइने पद होइन । जाँच नै लिइने हो भनेमात्रै विकल्पका रूपमा माथिका कुरा बताइएको हो । उपकुलपति सिफारिश समिति भनेको त विश्वविद्यालय सञ्चालनमा योग्य व्यक्ति खोज्नका लागि बनाइने हो । राजनीतिक दलहरूले तयार गरेको सूचीलाई जस्ताको तस्तै सरकारमा पेश गर्नका लागि सिफारिश समितिको कल्पना गरिएको होइन । दलहरूले देखेका योग्यलाई पन्छाएर आफूले देखेका योग्य व्यक्तिलाई मात्रै सिफारिश गर्न सक्दैन भने त्यो सिफारिश समितिमा रहनेहरूकै योग्यतामाथि पनि प्रश्न उठ्दछ । यति हुँदाहुँदै पनि अहिले गठित सिफारिश समितिहरूले दलमुक्त भएर सिफारिश गर्लान् भन्ने कसैले सोचेका छैनन् । सबैभन्दा पहिला उपकुलपति पद रिक्त भएको संस्कृत विश्वविद्यालयमा हो । उपकुलपति हुन लालायितहरू पद रिक्त भएदेखि नै दौडधूपमा छन् । विगतमा पदमा रहँदा सिन्को भाँच्न नसकेकाले दलका नेताको निकट भएका कारण बलियो उम्मेदवार आफू भएको दावा गरिरहेका पाइन्छ । कुनै एक नेताको निकट भएकै कारण आफूले पद पाउनुपर्छ भन्दै दौडनेहरू पनि देखिएका छन् । विश्वविद्यालय सम्बन्धमा कुनै जानकारी नै नभएकाहरू पनि आफू उपकुलपति भए विश्वविद्यालय राम्रो बनाउँछु भन्दै हिँडेका देखिन्छन् । विश्वविद्यालय राम्रोसँग चिनेकाहरू पनि पदका लागि दावा गरिरहेका छन् तर नेता, दल र गुट आदिका कारण कठिनाइ बेहोरिरहेका पनि छन् । परीक्षा नियन्त्रकको जिम्मेवारी सफलतापूर्वक निर्वाह गरेकाहरू पनि दौडमा छन् । क्याम्पस प्रमुखका रूपमा अब्बल ठहरिएकाहरू पनि योजना बनाएर बसेका छन् तर योजना बनाएकाहरू भने नेताहरूका दृष्टिमा पर्छन् कि पर्दैनन् यसै भन्न सकिन्न । आजसम्म कुनै प्रशासनिक पदमा नबसे पनि विश्वविद्यालय सञ्चालनको स्पष्ट खाका भएकाहरू पनि छन् । दलहरू र नेताहरूका गतिविधि हेर्दा विश्वविद्यालय निर्माणको योजना र सपना बुनेकाहरूले पद पाउने जमाना यो होइन जस्तो लाग्न थालेको छ । विश्वविद्यालयभित्रका थुप्रै साथीहरूले रुचाएका धेरै साथीहरू पनि छन् । प्राध्यापक, कर्मचारी र विद्यार्थीहरूले भरोसा गर्न सक्नेहरू ठूलै संख्यामा विश्वविद्यालयमा छन् । यस्तामा न त सरकारको दृष्टि पुग्छ न सिफारिश समितिले नै नजर लाउँछ । सिफारिश समितिले नमुना सर्वेक्षणमात्रै गर्ने हो भने पनि अहिले सोचिएका भन्दा भिन्न परिणाम आउँन सक्दछ तर यो सम्भावना कमै देखिन्छ । उपप्राध्यापक उपकुलपति भएर उत्कृष्ट रूपमा विश्वविद्यालय सञ्चालन गरेको इतिहास पनि छ र प्राध्यापक डाक्टरले विश्वविद्यालय तहसनहस पारेका घटना पनि छन् । त्यसैले सिफारिश समितिले सही व्यक्ति चयन गर्नु प्रमुख जिम्मेवारी हो तर त्यो सम्भावना क्षीण हुँदै गएको छ । यो विडम्बना नेपाल संस्कृत विश्वविद्यालयको मात्रै होइन, सबैको हो । यसमा सुधार कहिले हुन्छ कुन्नि?

*-इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : परिश्रमअनुसार उपलब्धि पाइएला। रोकिएका काम पुन: सुरु हुन सक्छन् ।
**वृष** : सुखमा रमाउने समय छ । नोकरी गर्नेले मानसम्मान पाउनेछन् ।
**मिथुन** : आलोचना गर्नेहरू सक्रिय हुनेछन्। सामाजिक यात्राको योग छ ।
**कर्कट** : कामले तीव्रता लिनेछ । सामाजिक क्षेत्रबाट सम्मान मिल्न सक्छ।
**सिंह** : प्रतिस्पर्धामा राम्रो सफलता मिल्नेछ। न्यायिक कार्यमा सफलता मिल्नेछ ।
**कन्या** : मन प्रसन्न रहनेछ । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।
**तुला** : कार्य सम्पादनमा समस्या आउला । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ ।
**वृश्चिक** : व्यवसायिक समस्या समाधान हुनेछन् । शत्रु पनि क्षय होलान् ।
**धनु** : आज रमणीय र सुखद् यात्राको योग छ । धर्म र आस्था बढ्नेछ ।
**मकर** : हर्ष र प्रसन्नतामा समय व्यतित हुनेछ । स्वास्थ्य पनि सबल नै रहनेछ ।
**कुम्भ**: विचार पुर्याएर निर्णय लिनु राम्रो होला। मेहनेत अनुसार लाभ मिल्नेछ ।
**मीन** : भाग्यले अवसर जुराउनेछ। जग्गा जमिनको कारोबारबाट राम्रो फाइदा हुनेछ।

# साहित्य दर्पण

कथा ● पेशल कुमार लुईंटेल

## सन्तानको मुखाकृति

“वकिल साहेब ! जतिसक्दो चाँडो म सम्बन्धको डोरी चुँडाउन चाहान्छु । यो जिन्दगीले मनको खुशी पहिचान गर्न पाउने कि नपाउने ?”

म सुनिरहेको छु उनलाई । एक सुन्दर महिला जो मेरो अगाडि बसेर बोलिरहेकी छिन् । “सम्बन्ध गलपासो हुनु हुँदैन । यो बन्धनबाट म मुक्ति चाहान्छु । मेरा सम्पूर्ण खुशीहरूलाई कैद मुक्त गर्न चाहान्छु ।” उनको आवाजमा केही रोदन, केही क्रन्दन र केही चिच्च्याहट मिसिएको छ । “म अति नै पीडामा छु । अब म सहन सक्दिन । हिजो राति पनि रक्सी खाएर लोग्नेले हातपात गऱ्यो ।” उनी आँखाबाट पीडाहरू पोखिरहेकी छिन् । लाग्छ उनी पीडाको पराकाष्ठामा छिन्, चरम यातनाबाट गुज्रिरहेकी छिन् र शरीरभरि नीलडाम बोकेर बाँचिरहेकी छिन् । “सधैं जसो हो कि कहिलेकाहीं मात्र यातना दिन्छन् तपाईंका पतिले ?” मैले उनको निधारको नीलडाम नियाल्दै सोधें । “म आर्थिक उपार्जनको लागि धेरै दु:ख गर्छु । त्यही पैसा पनि लोग्नेले खोसेर लग्छ र रक्सी पिउँछ । अनि मातेपछि मलाई जबरजस्ती गर्छ । न त शारीरिक सुख छ न त मानसिक सुख । सधैंजसो यस्तै गर्छन् ।” उनी डाको छोडेर रुन थालिन् ।

महिलाहरू कत्ति धेरै यातना सहेर पनि बाँचिरहेका हुन्छन् । के एक पटक विवाह भयो भन्दैमा एक नारीले जस्तोसुकै पीडा सहेर पनि घरबार जोगाउनु पर्ने हो र ? - मैले आफैसँग अनुत्तरित प्रश्न गरें । छेउको गमलामा भएको हरियो मनी ट्रीतर्फ आँखाहरू डुलाएँ । “अनि सम्पत्ति के कत्ति छ ? तपाईं अंशसहितको सम्बन्ध विच्छेद चाहानुहुन्छ हो ?” मेरो प्रश्नप्रति उनको ध्यान केन्द्रित भयो । “छ, एउटा घर छ कोटेश्वरमा ६ आना जग्गामा बनेको । अहिले ३ करोडमा बिक्छ । हो म अंशसहितको सम्बन्ध विच्छेद चाहान्छु ।”

“अनि तपाईंका पति सम्बन्धविच्छेद गर्न तयार छन् त ? दुवैको सहमति भयो भने सजिलो र चाँडो हुन्छ कानूनी प्रक्रिया ।” कानूनी प्रावधानको बारे सुझाएँ । “पटक्कै मान्दैन, तँलाई छोड्दिन भन्छ । जहाँ गए पनि तँलाई बाँच्न दिन्न भन्छ । के सम्बन्धविच्छेद भएपछि पनि उसले मलाई त्यस्तो गर्न मिल्छ ?” “तपाईंको अनुमति विना सम्बन्ध विच्छेद भइसकेपछि छुन पनि पाउँदैन । त्यसो गरेमा उसलाई कानून लाग्छ ।” यसो भनेको सुनेपछि उनको मुहारमा खुशी फुल्छ । त्यो खुशीको फूल कमलको फूलझैं देखिएको छ र उनको मुहारमा आशाका अन्य कोपिलाहरू फक्रिने क्रममा छन् ।

“कानूनी प्रक्रियाको लागि आवश्यक पर्ने सम्पूर्ण कागजात लिएर जहिले आए पनि म दर्ता प्रक्रिया शुरू गर्नेछु ।” मेरो कुरा उनले सानो नीलो रङ्गको डायरीमा टिपिरहेकी छिन् । “भोलि १० बजे नै म सबै डकुमेन्ट लिएर उपस्थित हुनेछु वकिल साहेब, जतिसक्दो चाँडो यो काम सकाइदिनुहोला बरु म तपाईंको पारिश्रमिकमा केही थप विचार पुऱ्याउनेछु ।” यसो भनिरहँदा मलाई उनी साह्रै अन्यायमा छिन् र चाँडै न्यायको धरातलमा अवतरण हुन चाहन्छिन् भन्ने भाव जागृत हुन्छ । भोलिपल्ट उनी १० नबज्दै आइन् । आवश्यक सम्पूर्ण कागजातहरू साथैमा ल्याएकी रहिछन् । मैले फिराद पत्रको मस्यौदा तयार गर्न कार्यालयका



कर्मचारीहरूलाई निर्देशन गरें । उनी पर्खिएर बसिरहिन् । मस्यौदा उनलाई पढिबाची सुनाउन समेत मैले आग्रह गरें । फिराद पत्रको मस्यौदामा उनले कूटपिट, हातपात र होलोहेचो गरेको कुरालाई थप्न आग्रह गरिन् । सोही बमोजिम फिराद पुन: सम्पादन भयो र मेरो टेबलमा आयो । मैले केही नजिरहरू र कानुनी दफाहरू मिलेनमिलेको हेरी रातो कलमले हस्ताक्षर गर्दै अन्तिम फिराद पत्र प्रिन्ट गर्न आग्रह गरें ।

फिरादमा मस्यौदाकर्ताको रूपमा कारणी स्वयंलाई मस्यौदाकर्तामा हस्ताक्षर समेत गर्न लगाई फिराद पत्र दर्ताको लागि जुनियर कानून व्यवसायीलाई पठाएँ । उनी कार्यालयबाट बाहिरिइन् तर उनको आशावादी मुहार भने मेरो कार्यालय परिसरमा घुमिरह्‍यो केही समय । हिंड्ने बेलामा मुद्दाको लागि आवश्यक दस्तुर पनि छोडेर गइन् । उनको मुद्दा दर्ता भयो । तारिख पर्चा र दर्ता रसिद सहित फिराद पत्र संलग्न मिसिल तयार भयो ।

कानून बमोजिम उनको लोग्नेको घरदैलोमा म्याद तामेली भयो । उक्त म्यादभित्र फिराद पत्रको प्रतिउत्तर सहित उनको पति अदालतमा उपस्थित हुन्छ । ऊ जुन दिन अदालतमा प्रतिउत्तर दर्ता गर्न आएको हुन्छ त्यस दिन मैले उसको कानून व्यवसायी र उसलाई फाँट नम्बर ६ मा देख्छु । यो हाम्रो अपरिचित भेट थियो । उसलाई देख्दा बाहिरी रूपमा उनले भनेजस्तै रिसाहा, भंज्याहा र जँड्याहा जस्तो देखिन्छ । उसको हेराइमा आक्रोशको भाव प्रष्ट देखिन्छ । प्रतिवादी भएको हुनाले मैले उसलाई केही भन्न र बोल्न मिलेन । प्रत्तिउत्तरकर्ता र उसको वकिल फाँटबाट बाहिरिएपछि मैले प्रत्तिउत्तरको प्रतिलिपि लिएँ र कार्यालयतर्फ लागें । प्रत्तिउत्तरमा उसले छोरो १६ वर्षको भएको कुरा खुलाउँदै बच्चाको मानसिकतामा नकारात्मक असर पर्नसक्ने भएकोले सम्बन्धविच्छेद गर्न नचाहेको कुरा खुलाएको रहेछ । उसकी पत्नी भने जसरी पनि पतिबाट टाढा रहन चाहन्थी । कुनै कुराहरू सुन्ने पक्षमा थिइन ऊ । उसको दृढता देख्दा मलाई लाग्थ्यो - महिलाहरूले धेरै प्रतीक्षा पछि निर्णय लिन्छन् र त्यो निर्णयबाट उनीहरू च्युत हुन सक्दैनन् । जस्तो कि लोग्ने मान्छे घर छाडेर हिंड्छ र केही समय, केही वर्ष या भनौं लामो समयपछि पनि घर फर्किन सक्छ । तर, महिलाहरूले घर छोडेर हिंडे भने फर्किन असम्भव प्राय: हुन्छ । उनले धेरै सोच विचार गरेर निर्णय लिएकी छिन् कुनै रीस र आवेगमा हतारिएर उनले निर्णय लिएकी हैनन् । कानूनी प्रक्रिया शुरू भएपछि सम्बन्धविच्छेदको फैसला हुन झण्डै १३ महिना लाग्यो । यस अवधिमा मैले पनि मिलेर बस्नुस् । छोराको लागि भए पनि नछुटिनुस् भन्दै बारम्बार आग्रह गरें । तर, त्यो सम्भव भएन । अन्तत: प्रचलित कानून बमोजिम उनीहरूको सम्बन्ध विच्छेद भयो । महिलाले दर्ता गराएको मुद्दामा सम्बन्ध विच्छेद प्रायश: सजिलै सम्भव हुन्छ । १६ वर्षको छोरोले आफू बाबुसँग बस्ने इच्छा राख्यो र सोही बमोजिम फैसला भयो । सम्बन्धविच्छेदको फैसलाको राय किताबका हरफहरू सुनेपछि पत्नी प्रफुल्लित देखिइन् । तर, पति र छोराको आँखाहरू भने रसिला देखिएका छन् । झण्डै ६० दिनपछि फैसलाको पूर्ण पाठ तयार हुन्छ । यो अवस्थासम्म आइसक्दा पनि पत्नीप्रति आृनो हक भएको जस्तो भाव देखिन्छ पतिमा । घरी झम्टिन खोज्ने, घरी चिथोर्न खोज्ने त घरी हात हाल्ने जस्ता हरकत उसले शुरूदेखि अन्तिमसम्म देखाइरह्‍यो । सम्पत्तिको बाँडफाँडसहित अंशसहित उनीहरूको सम्बन्ध विच्छेद भयो ।

त्यस घटनाको करीब करीब ३ महीना पछि एक साँझ म घर फर्किने क्रममा थिएँ । सम्बन्ध विच्छेदवाली उही महिलालाई मैले निलो रङको भक्स वागनको पोलो गाडीमा अधबैंसे लोग्ने मानिससँगै बसेको देखें । उक्त गाडी मेरो घरको बाटो हुँदै अगाडि बढ्यो । मैले पनि निगरानी गरिरहें । उनीहरू मेरो घर छेउको अपार्टमेन्टभित्र छिरे । म आश्चर्यमा परें । गेटमा एउटा पाले हरियो रङको पोषाकमा उभिएको थियो । म उसको छेउमा गएर रोकिएँ । सोधें, “अहिले भर्खर भित्र गएको गाडी कसको हो भाइ ?” मलाई हेऱ्यो तर मेरो प्रश्नलाई वास्ता नगरेझैं गरे । शायद उसले केही भन्न चाहेन । मैले चिया खाऊ बाबु भन्दै रु ५०० को नोट उसको गोजीमा हालिदिएँ । ऊ थोरै पुलकित भयो र भन्यो, “अगि भित्र गएको त्यो गाडी काठमाडौंका पूर्व मेयरसाबको हो । उनी अति धनाढ्य व्यक्ति हुन् ।”
“अनि ती महिला ?” मैले उत्तरको अपेक्षासहित सोधें ।

उसले भन्यो, “उनको धेरै वर्ष अगाडि देखिको गलफ्रेण्ड हो क्या । यहाँ अपार्टमेन्ट लिनुभएको धेरै वर्ष भयो ।”
सम्बन्ध विच्छेदवाली महिला प्रतिको मेरा सम्पूर्ण विश्वास, सद्भाव र सोचहरू नष्ट भए । शायद खरानी नै भए । उसको पति र छोराको मुहार मेरो परिधिमा घुमिरह्‍यो । बतासले बेस्सरी चिच्याए जस्तो लाग्यो । त्यहाँ नजीकै रहेको रूखका पातहरूले बिलौना गरे जस्तो लाग्यो । त्यो रूख प्यारालाइसिस भएको जस्तो देखिन थाल्यो । र, मेरा आँखाहरू परेलीको पर्दाभित्र प्रवेश गर्न चाहेनन् ।
मेरो मनमा एक किसिमको भाव झल्कियो...
एउटा सपना टुट्छ सम्बन्ध हो, सीसा भनी
सम्बन्ध बिग्रिदै जान्छ हिस्सा सम्बन्धकै बनी
ऐनासरि फुट्यो एक पारिवारिक आकृति
उसकै उनकै देख्छु सन्तानको मुखाकृति ।।

*-साहित्य पोष्ट डटकम*

निबन्ध ● ज्ञानेन्द्र विवश

## धुजाधुजा हुँदैनन् समयका पदचापहरू

*सुकिलो श्वेत क्यानभासमा फोहोरी हिलोले छ्यापेर निरन्तरताको क्रमभंग गर्न समय पर्खिनुपर्छ । छिनभरमै कालो रातको पर्दा खोलेर उज्यालो दिन कहाँ आउँछ र ! त्यही उज्यालो दिन पनि ढलेर निस्लोट रातको अँधेरीमा इन्तु न चिन्तु भई मस्त निदाउन पुग्छ । निदाएको आँखालाई बिउँझाउनु हुँदैन । बिउँझिएको ज्यानलाई सुताउने कोसिस पनि गर्नु उचित होइन । स्वत: सपना देख्न सकिने हुनुपर्छ । स्वयम्मा जीवनबोधको चेतना जागृत हुनुपर्छ । ‘तातै खाऊँ, जल्दै मरूँ’ भनेर कहाँ हुनु ? हतपतको काम लतपत हुनसक्छ । हतारमै अलमल हुन्छ । कतै जाने हतारमा कैयौं सरसामानहरूको जतनजगेडामा ध्यान भंग भइरहेको हुन्छ । जुन सामान छुट्ला भन्यो आखिर त्यही सामान कतै हराइरहेको हुन्छ ।*

गडगडाएर तीव्र हुँकारले कुर्लिंदै, उर्लिंदै वेगले फाल हाल्दै उछिन्दै यौटा भेल समयको नेटो काट्न उद्दत । गडगडाएर कहाँ हुनु, हडबडाएर झन् कहाँ काम बन्नु ! धैर्यले बटुल्दै साहसका उरुङखात साहसी जाँगरहरू, धर्म र कर्मले अलिकति ममताले ओतप्रोत हुँदै लक्ष्यमा उन्मुख जीवन-घाम ।

कदापि पनि धुजाधुजा, चकनाचुर हुँदैनन् समयका पदचापहरू । तिनमाथि कसैले जतिसुकै कठोर प्रहार प्रयोग गरे पनि । बेग्लै अस्तित्व र उपस्थिति स्थापित भइसकेको हुन्छ । तोडेर ऐननियमलाई, मिचेर परम्परागत मान्यतालाई त्यहाँ नवसाम्राज्य खडा गर्न कहाँ सकिन्छ र ?

सुकिलो श्वेत क्यानभासमा फोहोरी हिलोले छ्यापेर निरन्तरताको क्रमभंग गर्न समय पर्खिनुपर्छ । छिनभरमै कालो रातको पर्दा खोलेर उज्यालो दिन कहाँ आउँछ र ! त्यही उज्यालो दिन पनि ढलेर निस्लोट रातको अँधेरीमा इन्तु न चिन्तु भई मस्त निदाउन पुग्छ । निदाएको आँखालाई बिउँझाउनु हुँदैन । बिउँझिएको ज्यानलाई सुताउने कोसिस पनि गर्नु उचित होइन । स्वत: सपना देख्न सकिने हुनुपर्छ । स्वयम्मा जीवनबोधको चेतना जागृत हुनुपर्छ । ‘तातै खाऊँ, जल्दै मरूँ’ भनेर कहाँ हुनु ? हतपतको काम लतपत हुनसक्छ । हतारमै अलमल हुन्छ । कतै जाने हतारमा कैयौं सरसामानहरूको जतनजगेडामा ध्यान भंग भइरहेको हुन्छ । जुन सामान छुट्ला भन्यो आखिर त्यही सामान कतै हराइरहेको हुन्छ । अनि, खोज्नुको हैरानीमा अन्य तमाम कामहरू अस्तव्यस्त हुन पुग्छन् । कोही कसैलाई कहिले पनि समयले पर्खिंदैन । समय पछाडि फर्किंदैन । तर, समयले साथ दिंदा असम्भव भन्ने केही हुँदैन । समयलाई चिनिएन र बुझिएन भने समयले टाप ठोक्छ । समयले लगाम पक्रिसकेपछि बेतोडले गति तीव्र भएर जान्छ । त्यसपछि समयलाई भेट्न गाह्रो हुन्छ । समयलाई समातेर समयसँगै एकसाथ हिँड्दा कतै, कुनै पर्खाइ बाँकी नरहन सक्छ । यसरी समयलाई बुझेर समयकै साथ हातेमालो गरेर हिँड्दा समयले अवश्य साथ दिन्छ । समयले साथ दिनु भनेको सफलतानजिकै पुग्नु हो । समयका पदचापहरू पछ्याउँदै जाँदा साँच्चै शिखरमा आनन्द भेटिन्छ, भेटिनुपर्छ । त्यसैले धुजाधुजा, चकनाचुर हुँदैनन् समयका पदचापहरू कहिल्यै । बरु, सधैं ताजापनको तन्दुरुस्त अवस्थामा सचेत पार्दै, सजग राख्दै सबैलाई समयसँगै हिँड्न प्रेरित गर्छ, गरिरहन्छ । अन्यथा, समयको पछाडि परेपछि कहाँ पुग्नु पुग्ने ठाउँमा, कहिले सक्नु गर्नुपर्ने कामधाम ? बाँकी रहेपछि कामहरू तिनले चटारोमा पार्छन् बेलाकुबेला । अन्तत: समयमै नसक्नुका कति कामहरूले ज्यान खान्छन् । समयलाई चिनेर काम फत्ते नगर्नुका कमजोरीले सताएर, दिमाख तताएर तनावमा पनि पुऱ्याउँछन् । समयलाई चिनेर समयमै काम नसक्नुका फाइदा कम बेफाइदा धेरै हुन्छन् ।

कठिनाइको मोडमा पुगेर कहिलेको हारगुहार निरर्थक साबित हुन पुग्छ । कहिले त्यसले सफलताको चुली पनि टेक्न सक्छ । हारियो भनेर सदाका लागि हारेकै ठान्नु हुँदैन । सफलता टेकियो भनेर फेरि अहम्ले मात लाग्नु हुँदैन । एकल निर्णयले हावा खाइसकेको अवस्था छ अहिले । सामूहिक हितका कामहरूले प्राथमिता पाउनुपर्छ भन्ने मान्यता स्थापित भइरहेको छ । यद्यपि, परन्तु, किन्तु, तथापिजस्ता अनावश्यक शब्दहरूकै बग्रेल्तीमा बलमिचाइँ भइरहेको जस्तै राजनीतिमा पनि कम बलमिचाइँ र आफन्तवादको नाता कायम छैन । अर्को कुरा, शिष्ट र सभ्य भाषाको मिठासमा अचाक्ली गालीगलौजको घटिया शैलीले नेपाली भाषाकै गरिमालाई घाटा पुऱ्याइरहेको देखिन्छ । जुन कुरा नहुनुपर्ने थियो त्यही हुनु दुर्भाग्य पनि हो । हाम्रो समाजमा यस्तै दुर्भावनाहरूको बढोत्तरी जो भइरहेको छ, त्यो राम्रो होइन । त्यसले कसैलाई पनि फाइदा गर्दैन । यसैबीच, राष्ट्रिय सोचविचारको फलिफाप हुनुपर्ने हो । यही कालबेलामा स्वार्थी मनस्थितिहरूको कहालीलाग्दो ठेलमठेल हुन थाल्छ । त्यसपछि कहाँ ‘सर्वहिताय’ को चरित्र चरितार्थ हुन सक्नु ? कहाँ ‘तमसोमा ज्योतिर्गमय’ ले अँध्यारो पाटोलाई उजिल्याउन सक्नु ? त्यहाँ त व्यक्तिस्वार्थले दिनदहाडै कुम्लोकुटुरो भरिभराउ पार्न थाल्छ ।

सकिँदैन रहेछ सोचाइको यात्रामा जिन्दगीका मधुर, स्वप्निल अनि सुखद आयामहरू भिर्त्याउन । बरु, रहरहरू केलाउँदै, निफन्दै, छान्दै छङछङ कञ्चन काया-कलेवर जीवनवयको, कतिकति अप्ठ्यारा जँघारहरू छन् तर्नुपर्ने, पुग्नुपर्ने, भेट्नुपर्ने थातथलोका अनाम गोरटाहरू । जहाँबाटै ढाकेर धम्मरधुस बसेका ढुंगाहरू पन्छाएर अलिकति मिलाउने गरिएन । पाइलालाई सजिलो र सहज बाटोको सुविधा टाढाकै कुरा भयो । जहाँ कहिल्यै झारपात उखेलिएनन् । झोरझाडी फाँडिएनन् । हिँड्नेहरू कहाँ पुगिसके, नेटो काटेर धेरै टाढा । बस्नेहरू, बिसाउने र सुस्केरा फेर्नेहरू अझै उठ्न सकेका छैनन् । जीवनले गोधूलिको समय निम्त्याइसक्यो, तर बिहान बनेर नौलो उत्साहको उल्लासमा हाँस्दै बोल्ने दिन सुदूरअतीततिरै विलीन हुँदै गइरहे, गइरहे । च्यातेर धुजाधुजा, धुलोपिठो पार्न सकिँदैन रहेछ समय, सम्झौता र साथसंगतहरूलाई । जहाँ जीवनकै प्रतिच्छाया बनेर अमिट छाप लागिसकेको हुन्छ । यौटा बेग्लै चिनारीको लयमा परिचयको सोपान निर्माण भइसकेको हुन्छ । पछ्याइरहने रहेछ छाया बनेर कहिले । सपना भएर कुनै रात । घाँटी नै निमोठ्न आइहाल्ने, जाइलागिहाल्ने रहेछ यो ज्यानमारापन । गतिछाडाले छाडेपछि बाँकी के रहन्छ र ! अनि, मिठो सपनाकै हत्या गरेर अनायास ऐंठन गराउन अग्रसर रहने रहेछ । मुस्कानभरि खुसी बोकेर कहिले मायाको आभास गराउने, कहिले रातबिरात सत्तोसरापका सन्देहसँगै मनै तड्पाउने गरी निर्मम झापडले हान्ने । यो मान्छेको जात जति गरे’नि कहिल्यै पुगीसरी नठान्ने असन्तोषी, अपजसी, बैगुनी नै हुँदो रहेछ । ‘गुनको बदला गुन’ हुँदैन यहाँ । ‘नमरी बाँचे अर्को जुनीमा तिरौंला’ भन्ने मानसिकता पनि छैन यहाँ । दोष देखाएर साबुनपानीले जति नै पखाले पनि प्रकृतिको रङ पखालिँदैन । जाँदैन उडेर भुंग भई रङ खुइलिँदैन कहिल्यै प्रकृतिको । शाश्वत सत्य त्यसमै छ प्रकृति र जीवनका सनातनी सम्बन्धका सुन्दर सम्झौताका दस्तावेजहरू । आपसी मित्रवत् प्रगाढ सम्बन्धको सिलसिलाले निर्माण गरिदिएको यो संसार ! प्रकृतिको उपस्थितिमा जीवन चलायमान हुन्छ । प्रकृतिको सौन्दर्यमा जीवनले आनन्दको अनेक भावना उत्पन्न गर्छ । हिँडेर उकाली र ओराली यस्तै गति हो भने गन्तव्य झन्झन् टाढिँदै जान्छ । पुगेर पुग्न निकै मुस्किल हुन्छ । पार पाउन हम्मेहम्मे नै हुन्छ । कठिनको यो जीवन-यात्रामा भनेजस्तो हुन पनि महाभारतै पर्ने रहेछ ।

परन्तु, दु:ख छ भनेर दु:खी मनमा आँसुकै खोलाबाढी बगाएर बस्नु पनि भएन । सुख छ, पुगीसरी सबैथोक छ भनेर अर्कालाई तथानाम बकेर हाँसिरहनु पनि उचित होइन । आँसु र हाँसोको संगममा जीवन-नियतिको यात्रा छ । धेरै खुसीमा उचालिनु र दु:खमा पछारिनु पनि गलत छ । समान सद्भाव र सामूहिक भलो नै सबैको समुन्नति हो । पखालेर सारा मैलाहरू पानीले तर पखालिन्न रहेछ तनका मैलाधैला दागहरू हर्पिक वा सर्फपानीले जतिसुकै धोए पनि, घोटे पनि ।

प्रकृतिको सौन्दर्यलाई कसैले सिँगार्नु पर्दैन, कहिल्यै धोई पखाल्नु पर्दैन । सिनित्त सफा मनमोहक छटा-छविमा प्रस्तुत । अत: मृत्युपर्यन्त समयका डोबहरू रहिरहन्छन् । टुक्रिएर, उछिट्टिएर, भागेर, हराएर वा धुजाधुजा, चकनाचुर भएर कहीं कतै कहिल्यै जाँदैनन् समयका पदचापहरू । बरु, तिनले इतिहास निर्माण गरिरहेका हुन्छन् । प्रेरणा जन्माउँदै प्रभावहरू हुर्काउँदै सप्रेम मानवीय हार्दिकपन लेपन गरिरहेका हुन्छन्, जुन आजको, अहिलेको, तत्कालको आवश्यकता हो ।

*-बाह्रखरी डटकम*

# 'सरकार नागरिकका निरासा हटाउन लागि परेको छ'



**गुल्मी,** कार्तिक २२/नेकपा (एमाले) का उपमहासचिव प्रदीप ज्ञवालीले नागरिकमा देखिएको निराशा हटाउने काममा सरकार लागिपरेको बताएका छन् ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) रेसुङ्गा नगरपालिकाको दोस्रो नगर अधिवेशनलाई सदरमुकाम तम्घासमा सम्बोधन गर्दै उपमहासचिव ज्ञवालीले चार महिनाको अवधिमा सरकारले महत्वपूर्ण कामको थालनी गरेको उल्लेख गरे । राजनीतिक अस्थिरता अन्त्य गर्न, ओरालो लागेका अर्थतन्त्रलाई माथि उकास्न तथा सुशासन कायम गर्ने प्रयासमा सरकार रहेको उनको भनाइ थियो । देशको राष्ट्रिय स्वाधिनता र लोकतन्त्रको रक्षाका लागि सँगै लडेका दुई ठूला पार्टीले नेतृत्वदायी भूमिका निर्वाह गरेको उपमहासचिव ज्ञवालीले बताए । पटक-पटक सरकार परिवर्तनको खेलले मुलुकमा अस्थीरता बढेको, लोकतन्त्रप्रति जनतामा निरासा पैदा हुँदै जान थालको अवस्थामा मुलुकमा राजनीतिक स्थायित्वका लागि सरकारले काम गरिरहेको उनले उल्लेख गरे ।

'एमालेले सत्तामा बस्दा होस् वा प्रतिपक्षमा, चुनाव जित्दा होस् वा हार्दा सधैँ जनताको पक्षमा काम गर्दैआएको छ', उपमहासचिव ज्ञवालीले भने । कानुनको नजरमा सबै बराबर भएकाले गल्ती गर्नेलाई सजाय हुने उनको भनाइ थियो । एमाले सचिव गोकर्ण विष्टले वर्तमान समयमा एमालेलाई चारैतिरबाट घेराबन्दी गर्ने र बदनाम गर्ने प्रयत्न भइरहको बताए । उनले सधैँ नकारात्मकता र निराशाले देश उभो नलाग्ने उल्लेख गर्दै पुराना पार्टीमाथि प्रश्न उठाएर देशमा नयाँ पार्टीले भ्रम पैदा गर्ने काम गरेको आरोप लगाए । बलियो जनाधार र दूरदृष्टि भएका पार्टीलाई कमजोर बनाएर मुलुकमा अस्थिरता बढाउने प्रयत्न कदापी सम्भव नहुने सचिव विष्टको भनाइ थियो । *-रासस*

# 'भ्रष्टाचार गर्नेहरुको अहिले निदहराम भएको छ'



**पाल्पा,** कार्तिक २३/नेकपा माओवादीका वरिष्ठ उपाध्यक्ष तथा पूर्व उपप्रधानमन्त्री नारायण काजी श्रेष्ठले भ्रष्टाचार गरी आनन्द लिइरहेकाहरुको अहिले निदहराम भएको बताएका छन् । पाल्पाको तानसेनमा माओवादी केन्द्रले आयोजना गरेको अगुवा कार्यकर्तासँगको भेटघाटमा बोल्दै उनले आफुलाई ठूलाबडा, शक्तिशाली भन्नेहरु भ्रष्टाचार गरी आनन्द लिइरहेकाहरुको अहिले निदाहराम भएको बताएका हुन् ।

कुन दिन मेरो ढोकामा प्रहरी आइपुग्ने हो भन्ने डरमा भ्रष्टाचारीहरु पुगेको वरिष्ठ उपाध्यक्ष श्रेष्ठको भनाई छ । 'त्यो स्थिति हामीले ल्याएका हौं । भ्रष्टाचार विरोधी अभियान सबै देशलाई चाहिन्छ । विकास र सम्मृद्धिको समस्या सुशासनको अभाव हो । नेपालमा पुँजीवादी क्रान्ति त सम्पन्न भयो । यो पुँजीवाद दलाल र नोकरशाही पुँजीवाद हो' उपाध्यक्ष श्रेष्ठले भने, 'राष्ट्रिय पुँजीको विकास गरेर उत्पादक शक्तिको विकास गरेर स्वावलम्बी र स्वतन्त्र बनाउने हो ।' दलाल पुँजीवाद हाम्रो विकासको अवरोध हो भने यो भ्रष्टाचार विरोधी अभियान चाहिँ दलाल नोकशाही पुँजीवाद विरुद्धको संघर्ष रहेको उपाध्यक्ष श्रेष्ठले बताए । माओवादी सरकारमा जाने कुनै पनि लाइन नभएको र माओवादी पार्टीको पुनर्गठन, रुपान्तरणमा लाग्ने हो । माओवादी सरकार बनाउने र भत्काउने पक्षमा नलाग्ने र जनताको पक्षमा काममा केन्द्रीत हुने उपाध्यक्ष श्रेष्ठको भनाई छ । एकता गर्न सम्भव हुनेहरुलाई एकता गरी अगाडि बढ्ने, समाजवादी मोर्चालाई पनि एकसाथ अगाडि बढाउने पक्षमा छौं । माओवादी जिल्ला प्रदेश स्तरमा सरकारको विरुद्धमा खबरदारी सभा गर्ने उपाध्यक्ष श्रेष्ठले बताए ।

कार्यक्रममा नेकपा माओवादी केन्द्रका पाल्पा जिल्ला इन्चार्ज नेत्र प्रसाद पाण्डेयले माओवादीको नेतृत्व सरकारमा हुँदा जनतामुखी काम गरिरहेको बताए । कार्यक्रममा पाल्पा जिल्लामा केन्द्रका केन्द्रीय सदस्य, प्रदेशका सदस्य, जिल्ला सदस्यहरुको सहभागिता रहेको थियो । कार्यक्रम नेकपा माओवादी केन्द्रका जिल्ला अध्यक्ष राजेन्द्र विश्वकर्माको अध्यक्षता र सचिव मथुरा ढकालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# पाकिस्तानले अस्ट्रेलियालाई हरायो



**काठमाडौं,** कार्तिक २३/ अस्ट्रेलियासँगको दोस्रो एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा पाकिस्तान ९ विकेटले विजयी भएको छ ।

अस्ट्रेलियाले दिएको १ सय ६४ रनको लक्ष्य पाकिस्तानले १ सय ४१ बलअघि नै मात्र १ विकेट गुमाएर भेटायो । पाकिस्तानका सइम अयुबले ८२ रन बनाए । एकदिवसीय क्रिकेटमा उनको यो पहिलो अर्धशतक हो । यस्तै अब्दुल्लाह शफिकले नटआउट ६४ रन बनाए । अस्ट्रेलियाका एडम जम्पाले १ विकेट लिए । यसअघि घरेलु मैदान एडिलेड ओभलमा टस हारेर ब्याटिङको निम्तो पाएको अस्ट्रेलिया ३५ ओभरमा १ सय ६३ रन बनाउँदा अलआउट भयो । अस्ट्रेलियाका स्टेभेन स्मिथले सबैभन्दा धेरै ३५ रन बनाए । पाकिस्तानका हरिस रउफले ५ विकेट लिए । योसँगै तीन खेलको एकदिवसीय शृंखलामा १-१ को बराबरी भएको छ । पहिलो खेल अस्ट्रेलियाले २ विकेटले जितेको थियो । शृंखलाको तेस्रो तथा अन्तिम खेल पर्सि आइतवार पर्थमा हुनेछ । यसपछि अस्ट्रेलिया र पाकिस्तानबीच तीन खेलको टी-२० अन्तर्राष्ट्रिय क्रिकेट शृंखला हुनेछ ।

## बिमालेख हराएको सूचना

यहि मिति २०८१/०६/१९ गतेका दिन **एल.आई.सी.**को बिरु नेपालीको नाममा जारी बिमा (पोलिसी) नम्बर २५०४०८३९२ को बिमालेख ईस्मा-२ देखि तम्घासतर्फ जादै गर्दा हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा सम्बन्धित शाखामा जानकारी दिनुहुन अनुरोध छ ।

**नाम :** बिरु नेपाली
**ठेगाना :** ईस्मा-२, गुल्मी
**सम्पर्क न :** ९८६०७८८१३३


## वर्गिकृत डिस्प्ले

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# सुनको भाउ तोलामा २ हजार रुपैयाँले बढ्यो



**पाल्पा,** कार्तिक २३/बिहीबार एकैदिन ४ हजारले घटेको सुनको भाउ शुक्रबार भने बढेको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार शुक्रबार सुनको भाउ प्रतितोला १ लाख ६६ हजार ५ सय रुपैयाँ तोकिएको छ ।

यसअघि बिहीबार सुनको भाउ १ लाख ६४ हजार ५ सय रुपैयाँ थियो । बुधबार भने सुनको भाउ १ लाख ६८ हजार ५ सय रुपैयाँ थियो । नेपाली बजारमा सुनको भाउ कात्तिक १५ गते अहिलेसम्म महँगो १ लाख ७१ हजार रुपैयाँ थियो । अमेरिकी राष्ट्रपतिमा डोनाल्ड ट्रम्प विजयी भएसँगै बिहीबार अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्यमा गिरावट आएको थियो । अन्तर्राष्ट्रिय समाचार संस्था रोयटर्सका अनुसार बिहीबार सुनको मूल्य तीन हप्तायताकै तल्लो विन्दुमा पुगेको छ । ट्रम्पको जितसँगै अमेरिकी डलर बलियो भएका कारण सुनको मूल्य घटेको हो । शुक्रबार चाँदीको भाउ पनि बिहीबारको तुलनामा २० रुपैयाँले बढेको छ । बिहीबार चाँदीको भाउ प्रतितोला १ हजार ९ सय ६० रुपैयाँ तोकिएको छ ।

# पर्यटकीय गन्तव्यस्थल...

...गुल्मीको विविध प्राकृतिक सौन्दर्यतासँगै स्थानीय कला र संस्कृति हेर्नका लागि पहिलो पटक गुल्मी आइपुगेको उनीहरुको भनाइ थियो । मदाने गाउँपालिका अन्तर्गत अरबिन्द्र आश्रमका गुरु रामचन्द्र दासको संयोजनमा १२ जना फ्रान्सेली पर्यटक योग साधना गर्न र यहाँको पर्यटकीय क्षेत्रको भ्रमणका लागि अरबिन्द्र आश्रम पुगेका छन् ।

एक महिनाको भ्रमणमा नेपाल आएका फ्रान्सेली पर्यटक गुल्मीको मदाने गाउँपालिका अन्तर्गत सिर्सेनीमा रहेको अरबिन्द्र आश्रमको योग साधना गर्ने र त्यसपछि पाल्पा, पोखरा र बन्दिपुरहुँदै काठमाडौं फर्कने आश्रमका गुरु रामचन्द्र दासले जानकारी दिए । जिल्लामा आउने पर्यटक रेसुङ्गा क्षेत्रसँगै, विचित्र गुफा, कालीगण्डकीलगायत ठाउँको भ्रमण गरि फर्कने गर्दछन । जिल्लामा आउने बाह्य पर्यटकलाई रेसुङ्गा नगरपालिकाले विमानस्थलमै पुगेर स्वागत गर्ने गर्दछ । *-रासस*


मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई